अगष्ट २९, २०१८ मा बालीमा सम्पन्न हामी २१ देशका मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू र अन्य विभिन्न अपाङ्गता वर्गको लागि काम गर्ने सहयोगी प्रतिनिधिहरू बीच समावेशीकरणका लागि समुदायको रूपान्तरण-एशिया प्रशान्तको (TCI-Asia Pacific) पूर्ण बैठकमा

पुष्टि गर्दै,

• उच्च तथा निम्न आय भएका देशहरूमा, सहर तथा गाउँमा, वाहिरी टापुहरूमा, संस्था र समुदायमा, विद्यालय, विश्यविद्यालय, स्वास्थ्य केन्द्र र समाजिक सेवाहरूमा हामी माथि सबै प्रकारका विभेद, उपेक्षा, हिंसा, अमानवीय तथा तल्लो स्तरको यातनापूर्ण व्यवहार विद्यमान भएको लगातय प्रणालिबद्ध र व्यापक तरिकाले हाम्रा मानवअधिकारहरूको हनन् भएको,

• चिकित्सकीय अवधारणाबाट अभिप्रेरित भएर बनाइएका नयाँ नीतिहरू जसले हाम्रो स्वतन्त्रता, छनौट र अवसरहरूलाई बाधा पुयाएको; हाम्रो अधिकारको अभ्यासलाई लेखाजोखा र सर्तहरूमा बाँधेको, नियन्त्रण र अवरोध उत्पन्न गरेको; समुदाय, सांस्कृतिक गतिविधि, मुल्य र मान्यताहरू जसले हाम्रो छनौट र समावेशिकरणको अवसरलाई बढाउँछ, भित्र समावेश गर्ने विषयलाई सँधै वेवास्ता गरेको,

• मानसिक स्वास्थ्य सँग मात्र केन्द्रित ती नीतिहरू अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी मापदण्डहरू र अन्तर्राष्ट्रिय संधि, महासंधि र त्यसमा पनि खास गरेर अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासंधिले सुनिश्चित गरेका प्रावधानहरू हरूसँग मेल खाँदैनन्

सीआरपीडी अनुकूल हुनेगरी सबै अपाङ्गता भएका व्यक्तिहरूको समावेशिकरणको लागि बन्ने नीति र कानुनहरूमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको समावेशिकरण सुनिश्चित गर्ने सवालमा केहि देशहरूले गरेका प्रगतिहरूबाट उत्साहित भएको र चिकित्सकीय अथवा “मानसिक स्वास्थ्य” मा मात्र केन्द्रित अवधारणाबाट समावेशीकरण तर्फको आधारभूत रूपान्तरणको सान्दर्भिकतालाई पुष्टि गर्दै, असाध्यै प्रगति उन्मुख मानसिक स्वास्थ्यको वातावरण भएका स्थानहरूमा हाम्रो शिक्षा, काम, परिवारमा रहन पाउने, सामाजिक सुरक्षामा पहुँच, खाना, आधारभूत आवश्यकताहरू, पर्याप्त जीवनस्तर, मतदान दिन पाउने, स्वतन्त्रता, कानुनको अगाडी समानता लगायतका मानवअधिकार सम्बन्धी कानुनहरूले सुनिश्चित गरेका अधिकारहरूमाथि नियन्त्रण र यस्ता अधिकारहरूको उपयोग गर्न नदिने परिपाटीप्रति चिन्तित हुँदै, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने निरन्तर विभेद र वहिष्करणका बिचमा हामी गम्भीर कुराहरू उठाउन चाहन्छौँ,

• इच्छा विपरीत भर्ना र उपचारको प्रावधानहरू सहित एशिया तथा प्रशान्त क्षेत्रमा मानसिक स्वास्थ्य मानसिक स्वास्थ्य सम्बन्धी कानुनहरूको वृद्धिले मानसिक अस्पतालमा अत्याधिक समय रहनुपर्ने, शारीरिक तथा यौन शोषण लगायत मानसिक उपचार गर्ने संस्थाहरूभित्रको डरलाग्दो अवस्था, संक्रमण, भोकमरी, कुपोषण, उपचारको नाममा प्रत्यक्ष आघात (एनेस्थेसियाको प्रयोग नगरि प्रत्यक्ष आघात लगाउने अभ्यास), संयम र एकान्त कारावासको अनियमति उपयोग र अन्य अमानवीय, अपमानजनक र यातनापूर्ण उपचारको कारणले जीवनमाथिको जोखिम

• परिवार र समुदायभित्र हानी पुयाउने पसुंग, (सिक्री वा डोरीले बाँध्ने, बेडी लगाउने, ठिंगुरा ठोक्ने) जस्ता आमरूपमा पाइने प्रथाहरू; जातबाट च्युत गर्ने र परिवार समुदायभित्र कुनै पनि प्रकारको पहुँच नदिने, सामाजिक हेरचाह गर्ने संस्थाहरूभित्र अमानवीय, अपराधपूर्ण र यातनापूर्ण अवस्थामा असुरक्षित स्थानहरू वा जनावरहरू राख्ने खोरमा एक्लै राखिने

• कमनवेल्थमा बारम्बार अभ्यास गरिएको असक्षमता सम्बन्धी कानुनको उपयोग गरी विकासमा हाम्रो यसमा पनि खास गरेर महिला, बालबालिका, तेस्रो लिंगी, जनजाति र वहु विभेदहरू सामाना गरिरहेका समाजका अन्य समुहहरूको समावेशिकरण विरूद्ध मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको आवाजलाई पूर्ण रूपमा बन्द गर्न राज्यद्वारा प्रणालीवद्ध रूपमा लादिएको विभेद;

यस प्रकारका चासो र चिन्ताहरू सामान्य र छिटफुट नभएर एशिया प्रशान्त क्षेत्रका सबै ठाउँहरूमा लागातार रूपमा भैरहेको; कानुनी, मापदण्डयुक्त र समाजिक संरचनाहरूमा गहिरोसँग गढेर रहेको; राष्ट्रिय कानुनहरूमा राखिएका औपनिवेशिक र ऐतिहासिक परम्पराद्वारा पोषित छन्,

कानून र अभ्यासमा हुने यस प्रकारका उलङ्घनहरूलाई मानसिक स्वास्थ्य प्रणाली जसले "हाम्रो सर्वोपरी हित" को नाममा हाम्रा मानवअधिकारहरूलाई अस्वीकार गरिरहेको छ, मा सामान्य सुधारहरू गरेर मात्र सम्बोधन गर्न सकिँदैन तर यसको लागि हाम्रो छनौट र प्राथमिकताको आधारमा सिआरपीडी अनुसार अहिलेको अवस्थालाई पूर्णरूपमा समावेशिकरण तर्फ परिवर्तन गर्नुपर्छ।

पुनस्मरण गर्दै,

• संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरूले गरेको कसैलाई पनि पछाडी नपार्ने, असमानता घटाउने र सबैका लागि समाजिक, आर्थिक र राजनैतिक समावेशिकरण गर्ने भनी गरेको दिगो विकास लक्षहरू कार्यान्वय सम्बन्धी प्रतिवद्धता,

• सबै अपाङ्गता भएका व्यक्तिहरूका लागि सबै मानवअधिकार र आधारभूत स्वतन्त्रताहरू पूर्ण र समान रूपमा उपयोगको प्रवर्धन, संरक्षण र प्रत्याभूत गर्ने र उनीहरूको अन्तरनिहित मऱ्यादाको सम्मान, स्वायत्तता र स्वतन्त्र निर्णय गर्न पाउने कुराको अन्य सरह समान आधारमा प्रवर्धन गर्ने सीआरपीडीलाई अनुमोदन गर्ने एशिया प्रशान्त क्षेत्रका देशहरूको दायित्व

• इन्च्योन रणनीतिको कार्यान्वयन गर्दै अपाङ्गता भएका व्यक्तिहरूको लागि "अधिकारलाई यथार्थमा उतार्ने एशिया प्रशान्त क्षेत्रका राज्यहरूको प्रतिवद्धता

• अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सम्बन्धि प्रशान्त क्षेत्र स्तरीय प्रावधानहरू प्रति प्रशान्त क्षेत्रका देशहरूको प्रतिवद्धता

स्वीकार गर्दै,

दिगो विकास लक्षहरूको समावेशी कार्यान्वयन र मानवअधिकारहरूको पूर्ण उपयोगले एक अर्कालाई परस्परमा सुदृढ गर्छ भन्ने कुरा,

स्वागत गर्दै,

• हाल सम्म एशिया प्रशान्त क्षेत्रका देशहरूलाई युएनसिआरपीडी समितिले गरेको निर्णायक सिफारिसहरू (Concluding Observations) र कानुनको अगाडी सबै समान (धारा १२), अपाङ्गता भएका महिला (धारा ६), स्वावलम्बी जीवन र समुदायमा समावेश हुन पाउने (धारा १९), समानता र अविभेद (धारा ५) को सम्बन्धमा गरेका समान्य टिप्पणीहरू (General Comments)

• संयुक्त राष्ट्र संघका विशेष यापोटरले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका सम्बन्धमा सामाजिक सुरक्षा सम्बन्धी मानवअधिकार परिषदमा पेश गरेको प्रतिवेदन, समावेशी नीति, कानुनी क्षमता र सहभागिता र अपाङ्गता भएका व्यक्तिहरूका लागि अधिकारमा आधारित सहयोग !

• विशेष यापोटरको मानसिक स्वास्थ्य सम्बन्धी मानवअधिकार परिषद्मा पेश गरिएको शारीरिक तथा मानसिक स्वास्थ्य सम्बन्धी उच्च स्तरीय मापदण्ड सम्बन्धी प्रतिवेदन, विश्वमा

मानसिक स्वास्थ्य प्रणालीमा भएको भ्रष्टाचार सम्बन्धी दस्तावेज, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूले सामना गरिरहेका “अवरोधहरूको विश्वव्यापी भार” सम्बन्धमा गरिएको निन्दा

• व्यक्तिका अधिकार, इच्छा र प्राथमिकताहरूलाई सम्मान गर्न असमर्थ सबै अभ्यासहरू त्याग्न, संस्थामा लगेर राख्ने गर्ने अभ्यास (De-institutionalization) हटाउन, व्यक्तिको सुरक्षा गर्न र स्वतन्त्रतापूर्वक समुदायमा समावेश भएर रहन स्वास्थ्य सम्बन्धी उल्लेखित समाजिक, आर्थिक, वातावरणीय निर्धारकहरू संबोधन गर्ने आह्वान सहित मानवअधिकार परिषदको २०१७ को मानसिक स्वास्थ्य र मानवअधिकार सम्बन्धी प्रतिवद्धता,

सीआरपीडीमा उल्लेखित मानवअधिकारहरूको पूर्ण उपयोगमा र विशेष गरेर स्वतन्त्रतापूर्वक पूर्णरूपमा समुदायमा समावेश हुन पाउने मानवअधिकार (धारा १९), सामान्य टिप्पणी (बँदा ५) अन्तर्गत हामी चाहन्छौं कि, (१) हामी बस्ने ठाउँ र आवास र को सँग बस्ने भन्ने विषयमा निर्णय गर्न सक्षम हुन, (२) हाम्रो आवास नजिकमै गृह, आवास र सामुदायिक तहका सेवाहरूमा पहुँच प्राप्त गर्न, (३) अन्य सरह उपलब्ध सेवा सुविधाहरूको उपयोग गर्न, (४) सबै सेवाहरू हामी मैत्री भएको

कामको लागि आह्वान,

मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको समावेशिकरण अन्तर्गत चिकित्सकीय धारणाबाट समाजिक धारणा, मानसिक विचलनबाट मनोसामाजिक अपाङ्गता, सार्वजनिक स्वास्थ्य बाट समावेशी विकास, संस्थागत व्यवस्थापन बाट समावेशिकरण र उपचार बाट सहयोग प्रणाली तर्फ विद्यमान अवस्थामा आमूल परिवर्तन र नीतिगत वातावरणमा पुनर्संरचना सँग सम्बन्धित कुराहरू पर्छन् र यस्ता पुनर्संरचनाहरूलाई अगाडी बढाउन सीआरपिडी र दिगो विकास लक्ष्यहरूले गरेका निर्देशनहरूको बारेमा सुझाउँदै;

• जसले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको समावेशिकरणलाई, केवल स्वास्थ्य क्षेत्रका मात्र नभएर सबै क्षेत्रका सरोकारवालाहरूलाई समावेश गरी सबै क्षेत्रहरूका सामाजिक, कानुनी, नीतिगत र सेवाहरूको उद्देश्य, प्रकृया र परिणामको रूपमा सबै विकासका सवाल, योजना, कार्यक्रम र परिवर्तनको लागि गरिने साझेदारीहरूमा स्थापित गर्छ

• अहिलेको हानी कम गर्ने अवधारणाबाट माथि उठेर, विश्व स्वास्थ्य संगठनले भने जस्तै, उदाहरणको लागि “मानवीय” मानसिक स्वास्थ्य हेरचाह तर्फ अगाडी बढ्ने र मनोरोग निदान सम्बन्धी दोषपूर्ण, पुरातन र औपनिवेशिक ढाँचालाई कायम राख्न त्यसलाई सुधार गरिने प्रयासहरूको विरोध गर्दै विश्व स्वास्थ्य संगठनको गुणस्तर सम्बन्धी मापदण्डहरूलाई हाम्रो समावेशिकरणको समाधानको रूपमा गलत तरिकाले उपयोग गर्ने कुराप्रति चिन्ता र चासो छ,

• अहिंसात्मक, सहकर्मीको नेतृत्व भएको, आघातको बारेमा सूसूचित हुने, समुदायले कार्यक्रमको नेतृत्व लिने, उपचार र स्थानीय मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूले प्राथमिकता दिने सांस्कृतिक अभ्यासहरू सहितका आन्दोलनलाई अपनाउँदै; विश्वव्यापी र एशिया तथा प्रशान्त क्षेत्रका लागि समुदायलाई सहयोग गर्ने मोडेल र गैर चिकित्सकीय विकल्पहरू प्रति केन्द्रित छ।

मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू हरेक चरणहरूमा सहभागी हुने कुरालाई मध्यनजर गरी हामी तल उल्लेखित उपायहरूको अपनाउन प्रतिवद्ध छौँ ।

• जीवन पर्यन्त सिकाई सहितका सबै शिक्षा प्रणालीहरूभित्र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षाको अधिकार प्राप्त हुन्छ जसमा बैकल्पिक र संबर्द्धित संचारका

माध्यमहरू जस्तै मौखिक वा गैरमौखिक कलामा आधारित संचार मा पहुँच हुन्छ; उपयुक्त अनुकुलता प्राप्त हुन्छस सहयोग सेवा र लचिलो कार्यक्रममा पहुँच हुन्छ; जवरजस्ति गरिएको चिकित्सकीय उपचार र बालबालिकालाई संस्थामा लगेर राख्ने कार्यहरू प्रतिवन्धित हुन्छन्,

• सबै श्रम बजारहरू, रोजगारी आदानप्रदान, पदस्थापन र जीवनयापनका अवसरहरूमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरण सहित उनीहरूलाई काम र रोजगारीको अधिकार प्राप्त हुन्छ जसमा सहयोगको प्रावधान, लचिलो कार्यघण्टाको व्यवस्था र उपयुक्त अनुकुलता सहितको काम गर्ने स्थान उपलब्ध हुन्छ; अन्य सरह अपाङ्गताको आधारमा दिइने सुविधा पाउँछन्। उनीहरूको योगदानलाई पूर्णरूपमा स्वीकारिन्छ; अन्य सरह पेशागत वृत्तिविकास, तालिम र बढुवामा पहुँचको समान सम्भावना हुन्छ;

• सबै समाजिक सुरक्षाका कार्यक्रमहरूमा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणको लागि पर्याप्त जीवनस्तरको अधिकार र समाजिक संरक्षणको अधिकार प्राप्त हुन्छ जसमा खानाको अधिकार सुनिश्चित गरिन्छ, आवासको अधिकारलाई विशेष महत्व दिइन्छ र संस्थामा लगेर राख्नबाट रोक्न र समुदायमा वस्ने व्यवस्था गर्न बाँधिनु र थुनिनुपर्ने अभ्यासबाट मुक्ति दिइन्छ; गरिवीबाट मुक्त राख्न सामाजिक संरक्षणका योजनाहरू कार्यान्वयन गराइन्छ; यस्ता योजनाहरू निर्माण गर्दा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको मर्यादा, सम्मान, स्वतन्त्रता र स्वतन्त्र जीवन यापन जस्ता अधिकारहरू सुनिश्चित गरिन्छ;

• अन्य सरह समान आधारमा वृहत स्वास्थ्य हेरचाह सहित स्वास्थ्य सम्बन्धी हेरचाह पाउने मापदण्डहरूको प्राप्तिमा अवरोध हुनेछैन, अपाङ्गता भएका व्यक्ति र तिनका परिवारहरूले प्रतिवेदन गरेका चिकित्साकार्यजन्य चासो र चिन्ताहरू (उदाहरणको लागि जोम्विजम, टारडाइभ डिस्केन्सीया, पार्किन्सन, साइकोसिस, आत्महत्या गर्ने विचार र व्यवहार, मेटावोलिक, हृदय र अन्य सामान्य स्वस्थ्य सम्बन्धी जटिलताहरू बाहेक) लाई स्विकार र संबोधन गरिन्छ; स्वास्थ्य हेरचाह अन्तर्गत विभिन्न प्रकारका संस्कृतिजन्य उपचार र भलाई गर्ने विधि, योगा, ताइ ची, क्वी गोङ्ग, ध्यान, आघात परामर्श, टक थेरापी, आर्ट थेरापी र अन्य उपलब्ध हुन्छन्।

• व्यक्तिगत सहयोगी, हेरचाहको सामुदायिक चक्र, दौतरीको सहयोग, सहयोगको लागि औपचारिक र अनौपचारिक संजालहरू, परिवार सशक्तिकरण, सुन्ने स्थानहरू, रिफुजी/ड्रप इन/शान्त कक्ष, सृजनात्मक अभिव्यक्तिको लागि स्थानहरू, विशेष गरेर संकटको बारेमा व्यवक्तिगत दष्टिकोण निर्माण, व्यक्तिलाई संवादको लागि तालिम दिने र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको इच्छा र प्राथमिकताको आधारमा सुरक्षाको लागि संझौता गर्ने जस्ता समुदायिक सहयोग प्रणालीहरू सुनिश्चित गर्दै कुनै संस्थामा लगेर राख्न नपर्ने व्यवस्था (de-institutionalization) का उपायहरू सुनिश्चित गरिन्छ, घरवार विहिनहरू र समुदायमा शान्ति र सुरक्षाको वातावरणप्रति विशेष चासो राख्दै व्यक्तिको आवास नजिकै सहयोग सेवाहरू उपलब्ध गराइन्छ,

• यस क्षेत्रका सबै देशहरूमा राजनैतिक अधिकारहरू, खास गरेर मतदान गर्न पाउने, चुनावमा उठ्न पाउने र सार्वजनिक पद धारण गर्न पाउने, सुनिश्चित गरिन्छ,

हामी सिफारिस गर्छौं कि,

हाम्रो यस क्षेत्रका सबै देशहरूमा कानुनको अगाडी पूर्ण र समान पहिचानको अधिकार तत्काल सुनिश्चित गरिन्छ; कानुनहरू सबै सीआरपिडी अनुकुल हुनेगरी संशोधन गरिन्छ ताकि कोहि पनि मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई "क्षमता नभएको" वा "मस्तिष्क बिग्रिएको" भनी नागरिक, सामाजिक, राजनैतिक, आर्थिक वा सांस्कृतिक

अधिकारबाट बञ्चित गरिनेछैनन्; खास गरेर कमनवेल्थ देशहरूमा औपनिवेशिक विराशत बोकेको कानुनी प्रणाली हटाइनेछ; “हाम्रो लागि हानै नेतृत्व / प्रतिनिधित्व” भन्ने धारणालाई प्रविधिक, नैतिक, निदेशिका, नीति, कानुनहरूको विकास र समावेशिकरणका अरू सबै प्रयासहरू सहित सबै प्रकृयाहरूमा सुनिश्चित गरिन्छ; विश्व स्वास्थ्य संगठन लगायत सबै संयुक्त राष्ट्रसंघीय र सम्बन्धित निकायहरू, अनुदान दिने निकायहरू, हाम्रो क्षेत्रको विकासको लागि विभिन्न सरकारहरूले गरेका विश्वव्यापी कार्यहरूले हाम्रो सहभागिता र समावेशी विकास तर्फको सहकार्यमा समावेशिकरण गर्ने र यस्ता सबै कार्यहरूमा मानसिक स्वास्थ्यबाट समावेशीकरण तर्फको आमुल परिवर्तनमा ध्यान दिइन्छ ।

हामी अपेक्षा गर्छौं,

• यो हद सम्म कि हाम्रा समावेशिकरणका लागि गरिएका यस्ता सबै प्रगतिशिल कामहरू हाम्रो हित अनुसार हुन्छन्; जसमा तालिमको लागि सहकार्य, क्षमता विकास, समावेशिकरणको लागि मार्गदर्शन, अनुसंधानहरू र कानुनी र नीतिगत वातावरणलाई समावेशिकरण तर्फ लैजान गरिने कुनैपनि कामहरू पर्छन्

• सामाजिक परिवर्तनको गतिमा हाम्रो लक्षसँग मेल खाने र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको नेतृत्व र पूर्ण तथा प्रभावकारी सहभागिता र हाम्रो जीवन र अधिकारसँग सम्बन्ध राख्ने सबै विषयमा हाम्रो विज्ञतालाई सम्मान गर्ने संस्थाहरूसँग काम गर्ने

• समाजमा अर्थपूर्ण स्थान प्राप्त गर्ने जुन ज्याला सहितको काम, समाजिक न्याय, सृजनात्मक काम, अनौपचारिक हेरचाह र सहयोगी कार्यबाट सम्भव हुन्छ । हामी त्यस्तो वातावरणमा विश्वास गर्छौँ जसले हाम्रो मानव क्षमताको पूर्ण विकासलाई सहजिकरण गर्छ र यसमा हाम्रो समाजको सामाजिक आर्थिक, सांस्कृतिक र राजनैतिक उन्नति हुन्छ।

टिसीआइ एशिया प्रशान्तद्वारा अनुमोदित घोषणापत्र,

पाँचौं “क्लासिक संस्करण” टीसीआइ एसिया प्रशान्तको पूर्ण वैठक बाली, इन्डोनेशिया २९ अगष्ट २०१८